जनमुखी पत्रकारिताको अभ्यास

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्ष:- १५ | अंक:- ५९ | २०८२ साल असोज ८ बुधलवार | ( September 24, 2025) | पृष्ठ संख्या:- ४ | मुल्य रु : ५।-

## आठ किलोमिटरको जोखिमपूर्ण बाटो पार गरेर मात्रै विद्यालय पुग्छन् बालबालिका

**बिगूल समाचार**
**८ असोज २०८२**

कञ्चनपुर। भीमदत्त नगरपालिका-९ का खल्ला मसेट्टी र टुँडिखेल जिल्लाकै विकट बस्ती हुन्। यहाँ माध्यमिक तहसम्मको विद्यालय नहुँदा बालबालिकाले अध्ययनका लागि दुई घण्टा पैदल हिँडेर ब्रह्मदेवस्थित सिद्धनाथ माध्यमिक विद्यालय पुग्नुपर्ने बाध्यता छ।

कक्षा ९ मा अध्ययनरत सरिता बोहराले वर्षात्को समयमा विद्यालय आउजाउ गर्न निकै सास्ती खेप्नुपरेको बताइन्। "गाउँमा कक्षा ८ सम्म मात्रै पढाइ हुन्छ, त्यसपछि हामीले ब्रह्मदेवसम्म पैदल हिँड्नुपर्छ," उनले भनिन्, "बर्खामा त बाढीपहिराले बाटो बन्द हुँदा विद्यालय जानै सकिँदैन। यसकै कारण साथीहरू धेरैले पढाइ छाडेका छन्।"

विद्यार्थीहरूले जंगल र नदी किनारको बाटो समात्नुपर्ने भएकाले समूह बनाएर विद्यालय जाने गर्छन्। गाउँदेखि विद्यालयसम्म पुग्न १३ वटा खोला तर्नुपर्छ। हिउँदमा मोटर साइकल वा अटोरिक्सा चले पनि बर्खामा बाटो पूर्ण रूपमा बन्द हुने भएकाले विद्यार्थीहरू पढाइबाट वञ्चित हुने गरेका छन्।



सिद्धनाथ मावि ब्रह्मदेवमा १० कक्षामा पढ्ने सपना ठकुल्लाले आठ किलोमिटर लामो जोखिमपूर्ण बाटो हिँड्नुपर्ने बताइन्। "घरमा बिजुली नभएकाले पढ्नै गाह्रो छ, त्यसमाथि मेरा तीन साथी पढाइ छाडेर मजदुरीका लागि भारत गइसके," उनले भनिन्।

स्थानिय लोकबहादुर थापामगरका अनुसार बर्खा याममा पहिरो, खोला र चट्याङको जोखिम मोलेर भए पनि विद्यार्थीहरू विद्यालय जान बाध्य छन्। "गाउँमा माध्यमिक तहसम्मको विद्यालय नभएकै कारण धेरैले पढाइ छाडेका छन्," उनले बताए।

विपन्न समुदाय बसोबास गर्ने यो बस्तीका अधिकांश पुरुष भारतमा मजदुरी गरेर जीविकोपार्जन गर्छन् भने महिलाले महाकाली नदीको किनारमा बालुवा र गिट्टी छानेर परिवार पाल्छन्। खल्ला मसेट्टी र टुँडिखेलमा करिब पाँच सय परिवार बस्छन्।

हाल सरस्वती मावि टुँडिखेलमा कक्षा ४ सम्म, बैजनाथ मावि टुँडिखेलमा कक्षा ६ सम्म र भीम स्मृति मावि खल्लामा कक्षा ८ सम्म पढाइ हुन्छ। तर स्थानीयले आफ्ना छोराछोरीलाई दुःख गरेर टाढा पठाउनुपर्ने बाध्यता अन्त्य गर्न गाउँमै माध्यमिक तहको पढाइ विस्तार गर्न माग गरेका छन्।

## चार महिनापछि सुरु भयो मार्तडी-कोल्टी सडक मर्मत

### दशैंअघि सञ्चालनमा ल्याउने तयारी

**बिगूल समाचार**
**८ असोज २०८२**




बाजुरा। चार महिनादेखि अबरुद्ध रहेको बाजुराको मार्तडी-कोल्टी सडक मर्मत सम्भारको काम सुरु भएको छ। भौतिक पूर्वाधार विकास कार्यालय अछामको समन्वयमा असोज ३ गतेदेखि मर्मत कार्य प्रारम्भ गरिएको हो। दशैंअघि सडक सञ्चालनमा ल्याउने लक्ष्यसहित काम अगाडि बढाइएको छ।

मार्तडी-कोल्टी सडक अवरुद्ध हुँदा हिमाली, स्वामिकार्तिक खापर, जगनाथ र बुढीनन्दा नगरपालिकाका स्थानीयले जेठदेखि असोजसम्म आवतजावतमा ठूलो समस्या भोग्दै आएका थिए। विशेषगरी बुढीनन्दा नगरपालिकाका किसानले तरकारी तथा फलफुलको उत्पादन बजार पुऱ्याउन नसक्दा कठिनाइ बेहोर्नुपरेको थियो।

बुढीनन्दा नगरपालिका प्रवक्ता जङ्गवीर रोकायाले डोजर भाडामा चलाएर सडक मर्मत सुरु गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार पालिकाले प्रति घण्टा ७ हजार पाँच सय रुपैयाँ तोके पनि भौतिक पूर्वाधार विकास कार्यालयले ४ हजार ७ सय रुपैयाँ मात्र दिने निर्णय गरेको छ। "यो रकम तेल खर्चमै धान्ने खालको हो," उहाँले भन्नुभयो।

भौतिक पूर्वाधार विकास कार्यालय अछामका जङ्गबहादुर थापाले कार्यालयसँग आफ्नै डोजर नभएकाले पालिकाबाट भाडामा लिएर काम भइरहेको बताउनुभयो। नेपाल सरकारको प्रचलित दरअनुसार ४ हजार ७४१ रुपैयाँ प्रतिघण्टा दरले भुक्तानी गर्ने व्यवस्था मिलाइएको उहाँको भनाइ छ।

मार्तडीदेखि कोल्टीसम्म करिब ४२ किलोमिटर सडक रहेकोमा १४ किलोमिटर बडीमालिका नगरपालिका र २८ किलोमिटर बुढीनन्दा नगरपालिकामा पर्छ। बर्खामा आएको पहिराले सडक अवरुद्ध भएपछि विगत चार महिनादेखि सवारी साधन मार्तडीमै रोकिएका थिए।

प्रमुख जिल्ला अधिकारी गणेशप्रसाद पौडेलका अनुसार दशैंअघि सडक सुचारु गर्ने गरी बुढीनन्दा, बडीमालिका र भौतिक पूर्वाधार कार्यालय अछामले संयुक्त पहल गरेका छन्। अहिले मर्मत कार्य अगाडि बढेसँगै किसानले आफ्नो उत्पादन बजारमा पुऱ्याउन सक्ने आश पलाएको छ।

## परशुराम नगरपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**परशुराम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जोगबुढा, डडेल्धुरा**

## हिमाली गाउँपालिका बाजुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो। बाल श्रमको प्रयोग नगरौं। हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**हिमाली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**धुलाचौर, बाजुरा**

लाल बिगुल राष्ट्रिय दैनिक
२०८२ साल असोज ८ बुधवार
सम्पादकीय, विचार


## सम्पादकीय

### आरोप - प्रत्यारोपले देश बन्दैन।

भर्खरै राष्ट्रले बेहोर्नुपरेको पीडादायी दुर्घटना र त्यसबाट उत्पन्न गम्भीर परिस्थितिले हामी सबैलाई एकै ठाउँमा उभिन बाध्य बनाएको छ। भलै, त्यो घटनाको प्रत्यक्ष कारण जेसुकै भए पनि त्यसले हाम्रो समाज र राजनीतिमा गहिरो घाउ छोडेको छ। दर्जनौँ युवाहरूले ज्यान गुमाएका छन्, सयौँ घाइते भएका छन् र अर्बौंको भौतिक सम्पत्ति नष्ट भएको छ। भौतिक संरचना त फेरि निर्माण गर्न सकिएला, तर नेपाल आमाका ती होनहार सन्तानहरू कहिल्यै फर्कने छैनन्। यो क्षति कुनै पनि हारजित, नाफाघाटा वा अंकगणितीय हिसाबले व्याख्या गर्न सकिँदैन। यो त केवल एक राष्ट्रिय पीडा हो, जसबाट हामी सबैले गम्भीर शिक्षा लिनु आवश्यक छ ।

यो घटनापछि देशले एउटा नयाँ मोड लिएको छ। अहिलेको परिस्थितिमा, सबैको ध्यान आरोप-प्रत्यारोपमा नभई देशलाई सुरक्षित अवतरण गराउने दिशामा केन्द्रित हुनुपर्छ । राजनीतिक दलहरू र विभिन्न समूहहरूबीच एक-अर्कालाई दोष दिने जुन होडबाजी चलेको छ, त्यो अत्यन्तै अनुचित र आत्मघाती छ। यस्तो समयमा एकले अर्कोलाई विस्थापित गर्ने, रिसइबी साँध्ने र गालीगलौज गर्ने कुराले देशलाई थप द्वन्द्व र अस्थिरतातर्फ मात्र धकेल्छ। यस्ता गतिविधिले न त पीडित परिवारको घाउमा मलम लगाउँछ न त शहीदहरूको सपना साकार पार्छ। बरु यसले देशको उन्नति र प्रगति नचाहने विदेशी तत्त्वहरूलाई आफ्नो स्वार्थ पूरा गर्ने मौका दिन्छ ।

हामीले एकपटक विगतलाई फर्केर हेर्नुपर्छ । के देशमा व्याप्त अराजकता, भ्रष्टाचार र अस्तव्यस्तताको कारण पद्धति, संविधान र नियम-कानुनलाई सही ढंगले पालना नगरिनु होइन र? जब योग्य, शिक्षित र ऊर्जाशील युवाहरूले आफ्नो देशमा उचित अवसर नपाएर रुँदैरुँदै विदेशिन बाध्य हुन्छन्, तब हामीले कसरी समृद्ध राष्ट्रको कल्पना गर्न सक्छौँ? भ्रष्टाचारले देशको अर्थतन्त्रलाई कङ्गाल बनाएको छ र यसले नागरिकको विश्वासमा गहिरो चोट पुर्‍याएको छ । अहिले हामीले एक-अर्कालाई औँला देखाउनुभन्दा पहिले यो कुरा बुझ्नुपर्छ कि जब हामी अरूमाथि चोर औँला तेर्साउँछौँ, तब बाँकी चार औँला आफैँतिर फर्किर हेका हुन्छन् ।

यस विषम परिस्थितिमा, पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भएको छ र संसद् विघटन गरी नयाँ निर्वाचनको मिति तोकिएको छ। यद्यपि यसको वैधानिकतालाई लिएर केही प्रश्नहरू उठेका छन्, तर यतिखेर प्रश्न उठाउनुभन्दा पनि यो प्रक्रियालाई सहर्ष स्वीकारेर आगामी निर्वाचनको तयारीमा जुट्नु बुद्धिमानी हुनेछ । यदि कसैलाई अहिलेको व्यवस्थामाथि शंका छ भने, उनीहरूले निर्वाचनमा सहभागी भई जनताको मतबाट आफ्नो योग्यता र क्षमता प्रमाणित गर्न सक्छन् । निर्वाचनमा सहभागी भएर जित्नु र देश तथा जनताको हितमा काम गर्नुभन्दा अर्को कुनै उत्तम बाटो छैन । तर त्यसका लागि, आफूभन्दा माथि उठेर देशको हितका लागि काम गर्ने अठोट लिन जरुरी छ। व्यक्तिगत स्वार्थ, लोभ र भ्रष्टाचारको राजनीतिलाई त्यागेर सबैले देशको हितलाई प्राथमिकता दिनुपर्छ ।

अब देशलाई स्थायी शान्ति, उन्नति र प्रगतिको बाटोमा लैजानु हाम्रो सामुहिक दायित्व हो। सबै पक्षले आरोप-प्रत्यारोपको राजनीति त्यागी एक-अर्कालाई सम्मान गर्दै अगाडि बढ्नुपर्छ । विगतमा भएका गल्ती र कमी-कमजोरीलाई सच्याउँदै सबै एकजुट भएर देशलाई समृद्ध बनाउने काममा लाग्नुपर्छ। राजनीतिक दलहरूले आफ्नो अहम्लाई थाती राखेर नागरिकको भावनालाई सम्मान गर्नुपर्छ र नागरिकले पनि आफ्ना मागहरूलाई शान्तिपूर्ण तरिकाले राख्ने वातावरण तयार गर्नुपर्छ ।

अब फाटेको मनलाई टालेर, ढलेको सम्पदालाई उठाएर र शहीदका सपनालाई साकार पारेर अगाडि बढ्नुको विकल्प छैन । 'ध्वंस र निर्माण' को सिद्धान्तलाई आत्मसात् गर्दै हामी सबै मिलेर नयाँ शिराबाट देश विकासमा लाग्नुपर्छ । यो यात्रामा सबैको भलो, कल्याण र वीर शहीदहरूप्रति सच्चा श्रद्धाञ्जली हुनेछ । अबको बाटो द्वन्द्वको होइन, सहकार्यको हो । आरोप-प्रत्यारोपको होइन, राष्ट्र निर्माणको हो ।

# अब भ्रष्टाचार गर्दैनन् त नयाँले ?



दिनेश रायमाझी

**अब भ्रष्टाचार गर्दैनन् त नयाँले ? किनभने भ्रष्टाचार त प्रणालीले गर्न सिकाउँछ वा गर्न लगाउँछ । के छ यसको ग्यारेन्टी ? राजनीतिक मानिसहरू मात्रै भ्रष्ट हुन् यो देशमा अरू कसैले पनि भ्रष्टाचार गर्दैनन्, अरू भ्रष्ट छैनन् ? सबै दुधले नुहाएका वा राजा हरिश्चन्द्रजस्ता छन् ? कुरा यस्तो त होइन ।**

नवगठित गैरदलीय सरकार, राजनीतिक दलहरू, नागरिक समाज, र देशबाहिर रहेकाहरूले पनि अत्यन्तै गम्भीर भएर देशको संविधान दिवस मनाए र यो संविधानको रक्षा गर्नुपर्ने कुरा गरे । सबै राजनीतिक दलहरूले लगभग उही र उस्तै भाषामा यो निर्दलीय सरकारको समर्थन पनि गरेका छन् । अत्यन्तै उग्र र अराजक बनेको सडक पनि अहिले लगभग शान्त देखिन्छ ।

सबैजसो राजनीतिक दलहरू जलाइएका, ध्वस्त पारिएका आ-आफ्ना पार्टी कार्यालयहरूको निरीक्षण गर्न, सरसफाइ र त्यसको पुनर्निर्माण गर्नको निम्ति जुट्न थालेका छन् । आन्दोलनको अवस्थामा आफ्नो र परिवारको ज्यान बचाउन भूमिगत हुन बाध्य भएका सबै राजनीतिक दलहरूका प्रायः कनिष्टदेखि वरिष्ठ नेताहरू सार्वजनिक भएर राजनीतिक विमर्शमा जुटिसकेका छन् । यी यावत् क्रियाकलापलाई हेर्दा अब आन्दोलनको पहिलो अध्याय समाप्त भयो भनेर भन्न सकिन्छ अर्थात् आन्दोलनको च्याप्टर बन्द भयो ।

जेसुकै भन्दा पनि जेनजी विद्रोह असंगठित र नेतृत्वविहीन रहेछ भन्ने कुरा देशभरी घटेका अनेकौँ अराजक एवं विध्वंशात्मक कार्यहरूबाट प्रष्ट हुन्छ । किनभने यदि त्यहाँ असल र प्रभावकारी नेतृत्व रहेको हुन्थ्यो भने यो हदसम्मको ध्वंशात्मक गतिविधि सम्भवतः हुने थिएन । हाम्रोजस्तो गरिब देशको यो हदसम्मको ध्वंश अकल्पनीय नै छ । जेनजी आन्दोलनको उद्देश्य पवित्र हुँदाहुँदै पनि यो अकल्पनीय ध्वंशको कारणले यसको उद्देश्यमा कहीँ न कहीँ दाग लगाउने काम गर्यो भन्दा अतिशयोक्ति नहोला ।

अब भ्रष्टाचार गर्दैनन् त नयाँले ? किनभने भ्रष्टाचार त प्रणालीले गर्न सिकाउँछ वा गर्न लगाउँछ । के छ यसको ग्यारेन्टी ? राजनीतिक मानिसहरू मात्रै भ्रष्ट हुन् यो देशमा र अरू कसैले पनि भ्रष्टाचार गर्दैनन्, अरू भ्रष्ट छैनन् ? सबै दुधले नुहाएका वा राजा हरिश्चन्द्रजस्ता छन् ? कुरा यस्तो त होइन ।

यसो भनेर अब फेरी पुरानै अवस्थातिर फर्किने भनेर भन्न खोजेको होइन, जान त अगाडि नै जाने हो । पछुतो मानेर पनि केही हुनेवाला केही छैन, जे भयो सो भयो । जेनजीले अघि सारेका वा उठाएका मुद्दाहरूप्रति सबै राजनीतिक दलहरूले सकारात्मक दृष्टिकोण राख्दै समर्थन जनाएका छन् र उनीहरूले उठाएका ती सबै मुद्दाहरू जायज र समसामयिक रहेकाले तिनीहरूको उचित तरिकाले सम्बोधन हुनुपर्छ भनेर बोलिसकेका छन् ।

यसको अर्थ हो, जेनजी आन्दोलनले सृजना गरेको राजनीतिक अवस्थाले देशमा मान्यता प्राप्त गरेको छ, सुशीला कार्की नेतृत्वको सरकारले मान्यता प्राप्त गरेको छ । अन्तर्राष्ट्रिय समुदायले पनि नयाँ परिस्थिति र नयाँ सरकारलाई समर्थन गरेको छ। अब यो स्वीकार्यताले देशका सामु नयाँ कार्यभार आएको छ, र त्यो हो देशको सार्वभौमिकता र संविधानको रक्षा गर्दै तोकिएको मितिमा चुनाव सम्पन्न गरेर देशलाई निकास दिने ।

यस कार्यभारलाई पूरा गराउन सबै स्टेकहोल्डरहरूले सम्भावित बाह्य हस्तक्षेपलाई चिन्दै र चिर्दै, आगामी चुनावलाई सफल बनाउन सक्रियतापूर्वक सहभागी हुनुको विकल्प छैन । जेनजी आन्दोलनबाट सत्तामा पुग्न सफल भएकाहरूको समूह आजको राजनीतिको एउटा शक्तिपक्ष हो भने सत्ताबाट अपदस्थ भएकाहरू अर्को शक्तिपक्ष हो । यो यथार्थलाई सबैले ध्यानमा राख्नुपर्छ । पहिलो पक्ष, संगठनको हिसाबले हेर्दा दोस्रो पक्षभन्दा धेरै नै कमजोर देखिन्छ, संगठनको त भ्रूण पनि नरहेको अवस्था छ ।

तर उसले आन्दोलनको क्रममा उठाएका भ्रष्टाचार, कुशासन, बेथिति, बेरोजगारी, महँगीजस्ता मुद्दाहरू जनतासित जोडिएकोले मुद्दाको हिसाबले यो पक्ष धेरै नै बलियो देखिन्छ । यसको अलावा यो पक्षको पछाडि विदेशी शक्ति रहेको छ कि भन्ने आशंका जनमानसमा परेको छ, जसलाई चिर्न नसक्ने हो भने यो शक्तिको राष्ट्रियताप्रतिको चिन्तनमाथि नै प्रश्नचिन्ह उठ्न सक्नेछ, जसलाई अर्को पक्षले चुनावमा ठुलो मुद्दा बनाउन सक्ने सम्भावना रहन्छ ।

दोस्रो पक्ष संगठनको हिसाबले हेर्दा पहिलो पक्षभन्दा धेरै नै ठुलो र शक्तिशाली देखिन्छ । किनभने उनीहरूको सांगठनिक इतिहास ७०-८० वर्ष पुरानो छ । तर आफ्नो शासनकालमा यिनीहरूले जनताको मुद्दालाई सम्बोधन गर्न नसकेको मात्रै होइन कि आफूहरू स्वयं नै भ्रष्टाचार र कुशासनमा चुर्लुम्मै डुबेर बदनाम हुन पुगेकाले यिनीहरूसँग जनता निकै रिसाएका देखिन्छन् ।

जनताको मन जित्न दाँतबाट पसिना चुहाउनुपर्ने अवस्थामा र हेको कुरामा दुईमत छैन । सानो परिश्रमले जनताको मन जित्न सक्ने स्थिति यिनीहरूको पनि छैन । चिलको जस्तो कठोर परिश्रम गरेर आफ्नो पुरानो ठुंड, पखेटा र नंग्रा सबै उखालेर फाल्ने र नयाँ उमार्ने दृढ अठोट र प्रयास कत्तिको देखाउन सक्छन् भन्ने कुराले पनि यिनीहरूको भविष्य तय हुनेछ । सुरूदेखि नै देशमा भ्रष्टाचार र कुशासन, बेरोजगारी र महँगी मुख्य मुद्दा थियो । तर अपदस्थ दलहरूले त्यसलाई बेवास्ता गरे, ठुलो मुद्दा हो भनेर स्वीकार्न चाहेनन् । जेनजी आन्दोलनले अपदस्थ गरेपछि बल्ल होस खुलेको छ र हो रहेछ भन्नेमा पुगेका छन् ।

आउने चुनावी मुद्दा पनि जेनजी आन्दोलनले उठाएका यिनै सवालहरू हुने कुरा प्रष्ट छ । सत्तासीन शक्तिलाई मुद्दाको हिसाबले चुनावमा जानु धेरै सजिलो छ भने अर्को शक्तिलाई यिनै मुद्दालाई जनताको सामु लिएर जान तुलनात्मक रूपले धेरै अफठ्यारो छ, किनभने त्यहाँ विश्वसनीयताको ठुलो खाडल छ ।भ्रष्टाचार गर्दैनौँ भनेर जनतासामु पुगेर चुनावमा भोट माग्न सोचेजस्तो सजिलो छैन, जनताले प्रश्न गर्नेछन् । सिंगो नेतृत्व वर्ग नै कुशासन र भ्रष्टाचार को मामिलामा बदनाम छ । गाला बजाउँदैमा जनताले विश्वास गरिहाल्ने अवस्था हाललाई देखिँदैन ।

यदि दोस्रो वा तेस्रो पुस्तामा नेतृत्व हस्तान्तरण गरेर आफू अभिभावकीय भूमिकामा रहन वा सिंगो राजनीतिबाट नै सन्न्यास लिएर नयाँको निम्ति मार्गप्रशस्त गर्न तयार हुने हो भने जनताले पत्याउन सक्ने सम्भावना छ र उनीहरू जनताको बीचमा जाँदा चुनावमा सफलता प्राप्त गर्ने आशा गर्न सकिने अवस्था बन्न सक्छ । तर यस्तो हुने संकेत हालसम्म देखापरेको छैन । अहिले पनि आफ्नै नेतृत्वमा दल रहोस् अथवा म नै दलको सर्वेसर्वा हुँ भनेर भनिरहेको अवस्था छ र झोले समूहले यसमा सघाइरहेको छ ।

दललाई सामुहिक र नयाँ नेतृत्वमा नलगी चुनावमा जाने गल्ती गरेभने जनताको समर्थन पाउन धेरै मुस्किल पर्नेछ, चुनावमा पराजय बेहोर्नुपर्ने अनिवार्य अवस्था बन्ने छ । नयाँ र कुनै प्रकारको आरोप नलागेका मानिसहरूलाई अघि सार्दा मात्रै भ्रष्टाचार तथा अन्य विषयमा लागेका दागहरू छोपिने सम्भावना रहन्छ । देशमा हुनुपर्ने धेरै कुरा भएका छन्, तर नहुनुपर्ने कुराहरू झनै धेरै भए, समस्या यही हो । अब भ्रष्टाचार गर्दैनन् त नयाँले ? किनभने भ्रष्टाचार त प्रणालीले गर्न सिकाउँछ वा गर्न लगाउँछ ।

के छ यसको ग्यारेन्टी ? राजानीतिक मानिसहरू मात्रै भ्रष्ट हुन् यो देशमा र अरू कसैले पनि भ्रष्टाचार गर्दैनन्, अरू भ्रष्ट छैनन्, सबै दुधले नुहाएका वा राजा हरिश्चन्द्रजस्ता छन् ? कुरा यस्तो त होइन । ठाउँ अनुसार, पियनदेखि मुख्यसचिवसम्म, प्रहरी जवानदेखि आइजीसम्म, तहसिलदारदेखि श्रीमान्सम्म, क्वाटर मास्टरदेखि सेनापतिसम्म र कलाकारदेखि पत्रकारसम्म जताततै भ्रष्टाचार व्याप्त छ । सम्पत्ति कसले जोडेका छैनन् ?

राजनीतिकर्मीलगायत सबै निकायका उच्च पदमा रहेका मानिसहरू आफ्नो सम्पत्ति छानबिन गराउन सहमत छन् ? राज्यले तोकेको तलब बुझेर सेना, प्रहरी, निजामती कर्मचारी, न्यायाधीशहरूको काठमाडौँमा वा देशका अन्य कुनै पनि ठाउँमा घर घडेरी बन्न सम्भव हुँदैन । भ्रष्टाचार देशको भयंकर ठुलो समस्या हो, यो सर्वत्र छाएको छ तर आरोप केबल यिनै अपदस्थहरूको निधारमा टाँसिएर रहेको छ । जनताले आफ्नै घर अगाडि ठडिएको महल मालिकलाई भ्रष्टाचारी देख्दैनन् तर सबै नेताहरूको निधारमा भ्रष्टाचारको कालो टीका देख्छन् ।

यो चुनौतीको सामना कसरी गर्ने ? नयाँ आउने मानिसहरूले अब नापीमा, मालपोतमा, यातायातमा, कर कार्यालयमा, भन्सारमा, अध्यागमनमा, पासपोर्ट बनाउँदा, प्रहरीमा, ठुला ठुला ठेक्कापट्टामा, जहाज, हेलिकोप्टर र हतियार खरिदमा भ्रष्टाचार हुनेछैन, कमिसनको खेल हुने छैन, अबदेखि सानोतिनो काम गराउँदा कसैलाई पनि घुस दिनुपर्ने छैन भनेर जनतालाई भरोसा दिलाउन सक्छन् ? यदि सक्छन् भने त्यो कसरी हुन्छ भनेर भरोसा दिलाउने मार्गचित्र कस्तो छ, खै कहाँ ?

वकिलले मनलाग्दी फी लिने, लेखन्दासले मनलाग्दी फी लिने, डाक्टरको फी मनलाग्दी, स्कुलको फी मनलाग्दी, यातायातको फी मनलाग्दी, सागसब्जी र दाल चामलको मूल्य मनलाग्दी छ, दुनियाँमा अन्त कतै यस्तो हुन्छ ? घुस वा भ्रष्टाचार केबल राजनीतिक नेतृत्व गर्नेहरूबाट मात्रै हुने नभएर त्यो देशको हरेक क्षेत्रमा हुने गरेको छ । यस्ता भ्रष्टाचार र घुसखोरीलाई अन्त्य गर्ने के छन् त योजना ? थोत्रा गाला बजाएर हुन्छ ? हुँदैन ।

किसानको समस्या के हो, पहिचान कहिले गर्ने ? के अब किसानको खेतमा पानी पुग्छ र तिनले समयमा मल पाउँछन् ? धान, गहुँ, तोरी, मकै, कोदो, दाल, उखु, आलु, अदुवा, बेसारजस्ता कृषि उत्पादनको समर्थन मूल्य पाउलान् त किसानले अबदेखि ? किसानहरूलाई दलालहरूको कब्जाबाट कसरी मुक्त गर्ने ? कुखुरा अन्डाको बजार कसरी सुरक्षित गर्ने ? किसानको दुध बाटोमा बगाउनुपर्ने अवस्थाको अन्त्य गर्ने कुनै योजना छ ? पहिले रूपचन्द्र बिष्टले हामीलाई थाहा चाहियो भनेर सत्ताधारीको सातो लिन्थे ।

## दशरथचन्द नगरपालिका बैतडीको जनहितमा जारी सन्देश

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

दशरथचन्द नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा गढी, बैतडी

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिकः- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुराः- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुराः- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुराः- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुराः- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुराः- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुराः- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुराः- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुराः- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुराः- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुराः- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखाः- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुराः- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुराः- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुराः- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुराः- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुराः- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुराः- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुराः- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुराः- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुराः- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुराः- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुराः- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुराः- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुराः- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागिः- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पतालः- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुराः- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुराः- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुराः- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुराः- | ०९६-४२०१७९ |
| हरमस नेपालः- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुराः- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुराः- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुराः- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्भिनु होला।**

# डडेल्धुरा अस्पताल डडेल्धुरा

## समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

**सामाजिक सेवा एकाई**

**डडेल्धुरा अस्पताल डडेल्धुरा**

## खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुराद्वारा जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले भिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

"म्याद र गुणस्तर हेरेर मात्र सुरक्षित खानेकुरा रोजौं ।
स्वस्थ जीवनको समृद्ध मुलुक र गुणस्तर चिन्हलाई नै खोजौं ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा**

## .......भ्रष्टाचार गर्दैनन् त नयाँले ?.....

त्यो समयमा त्यो कुरा सही थियो । अबको राजनीति सत्तासँग सूचना मागेर होइन जनतालाई आफ्नो योजना थाहा दिएर अघि बढाउनुपर्छ ।

जनतालाई बताउनुपर्छ १-२-३ हामीले यो यो काम यसरी यसरी र यति समयमा सम्पन्न गर्नेछौं र समद्ध नेपालको परिकल्पनालाई यसरी साकार पार्नेछौं । जेनजी आन्दोलनको तागतमा सत्तामा पुगेको शक्ति र सत्ताबाट अपदस्थ हुन पुगेको शक्ति, दुवै शक्तिको उद्देश्य चुनावको माध्यमबाट श्रेष्ठता हासिल गरेर सत्तामा जाने, सरकारको निर्माण गर्ने र जनताको सेवा गर्ने हो । त्यसकारण आगामी २१ फागुनमा सम्पन्न हुने चुनावका मुख्य प्रतिस्पर्धी भनेका यिनै २ शक्तिहरू नै हुन् । त्यसकारण दुवै शक्तिहरू आफ्नो पूरा तागतका साथ चुनावमा भाग लिने भएकोले यी दुवै शक्तिहरू चुनावको तयारीमा जुट्नुको बाहेक अर्को विकल्प छैन ।

चुनावको तयारीको अलावा यी दुवै शक्तिले ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष छ र त्यो हो देशको शान्ति सुव्यवस्थाको अवस्था । देशमा शान्ति सुव्यवस्था कायम नगरिकन चुनाव गराउने कुराको कल्पनासमेत गर्न सकिन्न । हाम्रो भूराजनीतिक अवस्थिति ज्यादै नै संवेदनशील रहेको कुरामा जोकोही सहमत छन् । छिमेकीहरू मात्रै नभएर अन्य शक्तिहरूको पनि नेपालमा गहिरो चासो रहिआएको कुरा सार्वजनिक नै छ । हाम्रो सानो कमजोरीले मात्रै पनि हामीलाई भूराजनीतिक द्वन्द्वमा पार्न सक्छ, हाम्रो भूमि अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरूको क्रिडास्थल बन्न सक्छ जुन हाम्रो निम्ति ठूलो समस्या हुनेछ । जेनजी आन्दोलनकै दौरानमा पनि विदेशी शक्तिहरूको संलग्नता रहेको पो थियो कि भन्ने आशंकासमेत गरिएको छ । बाह्य शक्तिले यहाँ यदि आफ्नो अनुकूलको राजनीति अघि बढ्न सकेन भने अर्थात् आफ्नो अनुकूलको सत्ता बन्न सकेन भने यहाँ अराजकता र अस्थिरता पैदा गराउन सक्ने सम्भावनालाई नकार्न सकिन्न । अहिले नै पनि एउटा शक्ति सरकारमा कथित जेनजीको नेतृत्व हुन सकेन भनेर सडकमा आउने प्रयास गरिरहेको छ ।

बाह्य शक्तिको चाहना पूरा हुन नसक्दा यिनै शक्तिलाई सडकमा उतारेर देशमा अराजकता फैलाउने र सरकारलाई उनीहरूविरूद्ध सख्त कारबाही गर्न उक्साएर देशमा चुनाव हुन नसक्ने अवस्थाको निर्माण गराउन सक्ने ठूलो जोखिम विद्यमान छ ।

जेनजी आन्दोलनको स्पिरिटलाई पक्डिएर देशलाई निकास दिन सुशीला नेतृत्वको सरकार सफल हुनुको विकल्प छैन । सरकारमा सामेल भएको शक्ति र व्यक्तिहरू सबैले बुझ्नु जरूरी छ कि यो ऐतिहासिक अवसर हो, देशलाई निकास दिने । हिजो राजाको पालामा मन्त्री बन्न पुगेका मानिसहरू आज कहाँ छन् र तिनीहरूलाई जनताले कसरी हेर्छन् भन्नेकुरा सर्वविदितै छ । यदि जेनजीको भावना र जनताको चाहनाअनुसार काम हुन सकेन र देश अस्थिरताको भूमरीमा फस्न गयो भने त्यसको सम्पूर्ण जिम्मेवारी अहिले सत्तामा पुगेको शक्ति र व्यक्तिहरूले नै लिनुपर्नेछ नेपाली हामी रहुँला कहाँ नेपालै नरहे !

सत्तामा पुगेका र सत्ताभन्दा बाहिर रहेका हामी सबैले यो कविताको आशयलाई गम्भीरतापूर्वक मनन गर्नु जरूरी छ । हामी एकापसमा लड्न सक्छौं, झगडा गर्न सक्छौं, रिसाउन सक्छौं यसमा कुनै समस्या छैन । किनभने हामीहरूको बीचमा हुने झगडा, विवाद र मनमुटाव सबै नै देशलाई समृद्ध बनाउने विषयसँग सम्बन्धित छ तर देश नै रहेन भने हामी कोसँग झगडा गरौंला, कोसँग वादविवाद गरौंला र कसलाई घुर्की देखाउँला ? त्यसकारण हामीहरू पहिले देशमा शान्ति र स्थिरता कायम गरेर चुनावमा जाने, जनताको म्यान्डेट लिएर सरकार बनाउने र समृद्धिको बाटोमा सहकार्य गरेर अघि बढ्नुबाहेक देशसँग अर्को बाटो छैन ।

# लाल बिगूल राष्ट्रिय दैनिक

जि.प्र.का.ड.द.नं. १४/०६७/६८, जि.हु.का.ड.द.नं. ३४/२०८२/८३

२०८२ साल असोज ८ बुधवार




## अब कांग्रेसमा बदलिनेले नेतृत्व लिन्छन्, नबदलिनेले बिदा लिन्छन् : विश्वप्रकाश शर्मा




**बिगूल समाचार**
**७ असोज २०८२**

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले जेनजीको भावना र आन्दोलनको सन्देशलाई आत्मसात गर्दै कांग्रेस नयाँ ढंगले रूपान्तरण हुने बताएका छन् ।

पार्टीको झापा निर्वाचन क्षेत्र नं १, क्षेत्रीय समितिले आज गृहनगर धुलाबारीमा आयोजना गरेको 'अबको राजनीति र अबको नेपाल' विषयक अन्तरक्रियामा उनले पार्टीमा रूपान्तरणको विकल्प नरहेको बताए ।

महामन्त्री शर्माले भने, 'समय बदलिएको छ, सबै बदलिनुपर्छ, नेता, कर्मचारी संयन्त्र सबै बदलिनुपर्छ, सिंहदरबार मात्र होइन, गाउँ-गाउँका हरेक तह बदलिनुपर्छ, चिया पसल गर्नेहरू पनि बदलिनुपर्छ, पार्टीको कुरा गर्दा अब जो बदलिन्छन्, तिनले नेतृत्व लिन्छन्, जो बदलिदैनन् तिनले बिदा लिन्छन् ।'

जेनजी प्रदर्शनले सबैको आँखा खोलिदिएको धारणा व्यक्त गर्दै उनले लोकतान्त्रिक पद्धतिप्रतिको उच्च चेत, भ्रष्टाचार नियन्त्रणका लागि कठोर कदमको आवश्यकता र नेतृत्व परिवर्तन यो आन्दोलनको सन्देश रहेको बताए ।

आन्दोलनको पहिलो दिन प्रदर्शनकारीमाथि गोली हान्न आदेश दिने र दोस्रो दिन आगजनी एवम् तोडफोड गर्नेहरूका विषयमा गहन छानबिन हुनुपर्ने बताउँदै महामन्त्री शर्माले दोषी जो छन्, उनीहरूप्रति कुनै मोलाहिजा नराखी कडा कानुनी कारबाही हुनुपर्नेमा जोड दिए ।

उनले आजै मेचीनगर-१० स्थित पार्टीको क्षेत्रीय कार्यालय, मेचीनगर नगरपालिकासहित भदौ २४ गते आगजनी तथा तोडफोडबाट ध्वस्त भएको आफ्नो निजी निवासको अवलोकन गरे ।


## दशरथचन्द नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**दशरथचन्द नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खलंगा गढी, बैतडी**

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, डडेल्धुरा

## शैल्यशिखर नगरपालिका दार्चुलाको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**शैल्यशिखर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गोकुलेश्वर, दार्चुला**

## शिखर नगरपालिका तल्कोट, डोटीको अनुरोध

- बालबालिका
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**शिखर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तल्कोट, डोटी**

## सिगास गाउँपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**सिगास गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**गर्जे, बैतडी**



डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा